**निर्णय नं. १**

गोदावरी नगरपालिकाको प्रथम नगर सभाबाट स्वीकृत नीति, योजनाको प्रभावकारी कार्यान्वयनका लागि वडाले वडास्तरिय र नगरपालिकाले नगरस्तरिय कार्ययोजना बनाई आश्विन २५ गते भित्र नगर कार्यपालिकामा पेश गर्ने र नगरपालिकाले वडा वडामा प्राविधिक खटाई तत्काल लागत अनुमान तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नगरपालिकाको भवन निर्माणका लागि जग्गा खरिद गर्ने सम्बन्धमा नगर प्रमुखज्यूको संयोजकत्वमा वडा नं. ४ र १२ का वडा अध्यक्ष सदस्य रहेको एक समिति गठन गरि १५ दिन भित्र खरिदको प्रकृया टुंगोमा पुऱ्याउने निर्णय गरियो ।

**निर्णय नं. ३**

गोदावरी नगरपालिका वडा नं. १२ का वडा सदस्य श्रीमती राधा कुमारी जोशी मोटरसाईकल दुर्घटनमा परि घाइते हुनु भएको र लामो समय अस्पतालमा बस्नु पर्ने भएकोले निजलाई औषधी उपचारका लागि रु. २५,०००।- (पच्चिस हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । साथै निजको सिघ्र स्वास्थ्यलाभको कामना समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

गोदावरी क्षेत्र भित्रका छाडा गाई गोरुको व्यवस्थापनका क्रममा वडा नं. १ र २ ले अस्थायी कान्जी हाउस बनाई व्यवस्थापन गरि रहेको र ती छाडा गाईको हेरालुको रुपमा वडा नं. १ बाट ४ जना र वडा नं. २ बाट २ जना मासिक राखेको हुनाले मिति २०७४/६/१० गते पछि दुवै वडाले २/२ जना हेरालु राख्ने गरि हेरालुको मासिक पारिश्रमिक सुविधा रु. ६,०००।- (छ हजार) तोक्ने निर्णय गरियो । यसैगरि हेरालुलाई कामको जिम्मेवारी तोकी निजको अभिलेख न.पा. कार्यालयमा पठाउन वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

गोदावरी नगरपालिकाको प्रथम नगर सभामा खटिने सबै कर्मचारीलाई धन्यवाद दिने निर्णय गरियो । साथै देहायका कर्मचारीलाई नगद पुरस्कार सहित पुरस्कृत गर्ने निर्णय गरियो ।

- कार्यकारी अधिकृत श्री मोहन प्रसाद मरासिनी प्रशंसा पत्र र नगर पुरस्कार रु. १०,०००।-
- लेखा अधिकृत श्री रामचन्द जोशी प्रशंसा पत्र र नगर पुरस्कार रु. ७,०००।-
- प्रशासकिय अधिकृत श्री शिव राज भाट प्रशंसा पत्र र नगर पुरस्कार रु. ५,०००।-
- वडा सचिव श्री खगेन्द्र प्रसाद चौधरी प्रशंसा पत्र र नगर पुरस्कार रु. ३,०००।-
- वडा सचिव श्री चन्द्र सिंह कामी प्रशंसा पत्र र नगर पुरस्कार रु. ३,०००।-
- वडा सचिव श्री लोक बहादुर कुँवर प्रशंसा पत्र र नगर पुरस्कार रु. ३,०००।-
- कार्यालय सहयोगी श्री जेलाल राना प्रशंसा पत्र र नगर पुरस्कार रु. ३,०००।-
- कार्यालय सहयोगी श्री सुवादा राना प्रशंसा पत्र र नगर पुरस्कार रु. ३,०००।-

**निर्णय नं. ६**

नगरपालिकाको दमकल कर्मचारीको रुपमा कार्यरत कर्मचारीहरु २४ सै घण्टा ड्यूटीमा खटिनु पर्ने भएकोले दमकल स्टाफ प्रमे महरा, राजेन्द्र चौधरी र गंगाराम भट्टलाई दैनिक रु. १५०।- (एक सय पचास) खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

गोदावरी नगरपालिका रहेको घरको भाडा बृद्धि गरि पाउँ भनी घरधनी श्री मान प्रसाद भट्टले दिनु भएको निवेदन बमोजिम साविकमा भुईतला बाहेक पहिलो र दोस्रो तलाको भाडा रु. ३४,५००।- रहेकोमा वितग ३ वर्ष देखि घर भाडा बृद्धि नभएकोले सोको १०% ले हुन आउने रकम ३,४५०।- भएपनि ३,५००।- मासिक भाडा बृद्धि गरि हालै भुईतलाको भाडा रु. १३,०००।- समेत गरि जम्मा रु. ५१,०००।- (एकाउन्न हजार) घर भाडा निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नगरपालिकाको सरसफाई कर्मचारी अशोक बाल्मिकीले हाल पाईआएको मासिक पारिश्रमिकमा २०७४ श्रावण १ गते देखि रु. २०००।- थप मासिक उपलब्ध गराउने निर्णय गरियो ।